# कोशी प्रदेशमा मनसुनजन्य बाढी तथा पहिरोको प्रकोप


## आन्तरिक मामिला तथा कानून मन्त्रालय

(अषाढ ५, २०८० अनुसार)

यो स्थिति रिपोर्ट आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेशले प्रादेशिक आपत्कालीन कार्य सञ्चालन केन्द्र सँगको सहकार्यमा तयार पारेको हो । यसले कोशी प्रदेशका विभिन्न जिल्लामा अविरल वर्षाका कारण बाढी र पहिरोको क्षति पश्चातको अवस्थालाई समेटेको छ । यस स्थिति प्रतिवेदनमा रहेका तथ्याङ्क अध्यावधिक गर्ने क्रममा रहेकाले भाषागत तथा तथ्याङ्कगत कमजोरीहरुलाई क्रमश सुधार गर्दै लगिने छ ।

## मुख्य घटनाहरु

- मनसुनजन्य विपद्‌बाट कोशी प्रदेशमा **८ जना**को ज्यान गएको छ भने **६ जना** घाइते भएका छन् ।
- विपद्‌बाट प्रभावित **२७ जना** व्यक्तिहरु बेपत्ता भएको रिपोर्ट गरिएको छ जसमा **पाँचथरबाट ६**, **संखुवासभाबाट १८** र **ताप्लेजुङबाट ३ जना** छन् ।
- पाँचथर, ताप्लेजुङ र संखुवासभा जिल्लामा करिब **१५९ जना व्यक्तिहरु विस्थापित** भएको छ । प्रभावित मध्ये, **३२ घर पूर्णक्षति** तथा **२२ घर आंशिक रूपमा क्षतिग्रस्त** भएका छन् ।
- सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिद्वारा विपद् प्रभावित घरपरिवारहरूको लागि उद्धार तथा प्रारम्भिक प्रतिक्रिया कार्यको नेतृत्व गरिरहेको छ ।




- स्थानीय तहका निर्वाचित अध्यक्ष, सुरक्षाकर्मी, स्वयंमसेवक तथा समुदाहरु उद्धार कार्यमा जुटेका छन् भने क्षतिको यकिन विवरण सङ्कलनका साथै बेपत्ता भएकाहरुको सख्यां गणना भइरहेको छ ।

## स्थिति अवलोकन

मनसुनजन्य बाढी र पहिरोका कारण पूर्वी नेपालको कमजोर पहाडी क्षेत्र प्रभावित भएको छ, जसले गर्दा स्थानीयहरुको सामाजिक तथा नियमित गतिविधिमा अवरोध पुगेको छ । **२ असार २०८० शनिबार/१७ जुन २०२३** राति १०:३० बजे अविरल वर्षाबाट निम्तिएको बाढीका कारण **२७ जना** व्यक्तिहरु बेपत्ता भएको छ भने **८ जना**को ज्यान गएको छ । प्रभावित वडाका वडा कार्यालयहरू, सुरक्षा निकायका साथै स्थानीय समुदायहरुको सहयोगमा तत्काल विपद् खोज तथा उद्धार कार्य सञ्चालन गर्दै उद्धार गरिएकाहरुलाई उपचारका लागि नजिकैको सरकारी अस्पतालमा लगिएको छ । पक्की पुल र झोलुङ्गे पुल पूर्णरुपमा क्षति ग्रस्त हुँदा मेची राजमार्गका साथै अन्य स्थान जोड्ने साना भित्री सडकहरु पूर्णरुपमा अवरुद्ध भएका छन् । संखुवासभा, पाँचथर, ताप्लेजुङ, भोजपुर, तेह्रथुम र इलामका विभिन्न स्थानमा पहिरोजन्य विपद्‌बाट प्रभावित घरधुरीका परिवारका सदस्यहरु आहत हुन् पुगेका छन् ।



बाढीले ठूलो भौतिक तथा मानवीय क्षति पुऱ्याएपनि प्रभावित अवस्थाको पूर्ण विवरण आउन बाँकी रहेको साथै विस्तृत विवरणको संकलन जारी रहेको सरकारी निकायका अधिकारीहरुले बताएका छन् ।

## क्षति र नोक्सानी

| जिल्ला | मृत्यु | | | घाइते | | | बेपत्ता | | | विस्थापित जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| पाँचथर | १ | २ | ३ | ० | १ | १ | ३ | ३ | ६ | १३३ |
| ताप्लेजुङ | ३ | ० | ३ | २ | ० | २ | २ | १ | ३ | ९ |
| भोजपुर | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| संखुवासभा | १ | ० | १ | ३ | ० | ३ | १५ | ३ | १८ | १७ |
| **जम्मा** | ६ | २ | ८ | ५ | १ | ६ | २३ | ७ | २७ | १५९ |

(Data Source: PEOC, Koshi Province)

| जिल्ला | क्षतिग्रस्त घर | | पुल क्षति | बाटो अवरुद्ध | जलविद्युत क्षति | सवारी साधन क्षति | गाईवस्तु क्षति | कुखुरा पालन क्षति | कृषि भूमि क्षति |
|---|---|---|---|---|---|---|---|---|---|
| | पूर्ण | आंशिक | | | | | | | |
| इलाम | | | | ६ | | | | | |
| पाँचथर | १० | १८ | १२ | ३ | ३ | ३ | १० | २५ | |
| ताप्लेजुङ | ९ | | ३ | ५ | २ | | १५ | | |
| संखुवासभा | १३ | ४ | | २ | | | ४९ | ५९ | करिब ४० रोपनी |
| **जम्मा** | ३२ | २२ | १५ | १७ | ५ | ३ | ७४ | ८४ | ४० **रोपनी** |

(Data Source: PEOC, Koshi Province)

## प्रतिकार्य - कोशी प्रदेश सरकार

कोशी प्रदेशका माननीय मुख्यमन्त्री ज्यूको अध्यक्षतामा यही २०८० साल असार ३ गते आईतबार विराटनगरमा प्रदेशका सम्बन्धित मन्त्रालयहरु तथा अन्य निकायहरुको सहभागितामा बसेको बैठकले विपद् उद्धार र राहत कार्य तत्काल सञ्चालन गर्ने निर्णय गर्दै सम्बन्धित सबैसँग समन्वय र सम्पर्क गर्ने निर्णय गरेको छ । थप सहयोगको लागि जिल्ला प्रशासन कार्यालय, जिल्ला तथा प्रदेश स्थित सुरक्षा निकायहरू र संघीय तहको गृह मन्त्रालय लगायतका सरकारी निकायहरु समन्वय गरिने निर्णय भएको छ । खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्रालय एवम् स्वास्थ्य मन्त्री माननीय तिलकुमार म्याङ्बो लिम्बुसहित कोशी प्रदेश सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल) का प्रमुखद्वारा हेलिकप्टरबाट प्रभावित क्षेत्रको अवलोकन गरिएको छ ।

## अस्थायी आवास

| जिल्ला | अस्थायी आवास |
|---|---|
| | आवश्यकता |
| पाँचथर | १० |
| ताप्लेजुङ | ९ |
| संखुवासभा | १३ |
| **जम्मा** | ३२ |

*based on the number of households fully damaged*

आन्तरिक मामिला तथा कानून मन्त्रालयले क्षति र क्षतिको विवरण लिन तथा आवश्यक सहयोग प्रकृयाका लागि प्रभावित जिल्लाहरूसँग नियमित सम्पर्क र समन्वय गरिरहेको छ । नेपाली सेनाको पूर्वी पृतनाको हेडक्वाटर, इटहरीसँगको समन्वयमा खोज तथा उद्धार कार्यलाई जारी राख्दै मिति असार ४ गते सिदिङवा गाउँपालिका-६/ताप्लेजुङ जिल्लामा विपद्बाट घाइते भएकाहरूलाई प्राथमिकतामा राखेर उद्धार गरिएको छ । त्यसैगरी पहिरोबाट पुरिएका करिब १० जनालाई याङवारक गाउँपालिका–१ मा नेपाली सेनाले प्राथमिकतामा राखेर उद्धार गरेको छ । विपद् प्रभावित क्षेत्रमा नेपाली सेनाको हेलिकप्टर मार्फत अत्यावश्यक औषधी, त्रिपाल पठाउन तयारी अवस्थामा राखिएको छ ।

## वर्तमान आवश्यकता र प्राथमिकताहरू

- प्रभावित क्षेत्रमा मानवीय सहायता निम्ति आवागमनलाई सहज बनाउन सडक सम्पर्क पुर्नस्थापना गनु अति आवश्यक छ जस मध्ये ताप्लेजुङ्ग जिल्लामा सम्पर्क स्थापित गर्न बेली ब्रिजको निर्माण आवश्यक देखिन्छ ।



- बाढीपहिरोबाट पूर्णरुपले घर गुमाएका विपद् प्रभावितहरुको लागि अस्थायी आश्रयस्थल प्रदान गर्न र प्रभावित जनसंख्याको तत्कालका आवश्यकतालाई सम्बोधन गर्न **पाल, कम्बल, म्यार्टेस, टेन्ट र सौर्य बत्तीहरू** आवश्यक छन् ।
- प्रभावित क्षेत्रहरूमा महिला तथा किशोरीहरुको लागि सरसफाईसँग सम्बन्धित **डिग्निटी किट**हरु विशेष प्राथमिकतामा राखेर प्रदान गर्नुपर्ने आवश्यकता छ । जस्तै **सेनेटरी प्याड, साबुन** र **भित्रीवस्त्र** आदि जस्ता व्यक्तिगत सरसफाइका वस्तुहरू ।
- बालबालिका, वृद्धवृद्धा, किशोरी तथा महिलाहरु जस्ता अति जोखिममा परेका समूहहरूको पोषण आवश्यकतालाई सम्बोधन गर्न सुक्खा फलफूलगायत **पौष्टिक खाना** वितरण गर्न सिफारिस गरिन्छ ।
- बाढी र पहिरो प्रभावित क्षेत्रमा **सुरक्षित पिउने पानी**को पहुँच महत्वपूर्ण छ र त्यसको लागि स्थानीय स्तरमा पानी शुद्धीकरणका विधिहरू परिचालन आवश्यक देखिएको छ ।
- प्रकोप प्रभावित क्षेत्रमा रोगको प्रकोप र फैलावट रोक्नको लागि पानी सम्बन्धी स्वच्छता प्रवर्द्धन र सरसफाईका प्रयासहरू महत्वपूर्ण छन् । **स्वच्छता किट**हरूको प्रदान, उचित हात धुने अभ्यासहरूको प्रवर्द्धन, र **अस्थायी शौचालय**हरुको निर्माण प्रमुख आवश्यक देखिएको छ ।
- **अस्थायी आश्रयस्थल**हरूको सुरक्षित निर्माणको लागि सामुदायिक स्तरमा ज्ञान प्रदान गर्न, चेतना जगाउन तथा गैरखाद्य सामाग्रीहरूको सुरक्षित प्रयोगको लागि **५०० वटा सूचना, शिक्षा र सञ्चार सामग्री**हरू आवश्यक रहेको ।
- विस्तृत सामुदायिक स्तरमा विपद्ले पुरयाएको क्षति मूल्याङ्कन सुरु गर्नु अघि प्रारम्भिक क्षति मूल्याङ्कन र तथ्याङ्क सङ्कलनका लागि प्रभावित स्थानीय तहका प्राविधिक कर्मचारीहरूलाई प्राविधिक अभिमुखीकरण र प्रशिक्षण दिनुपर्ने ।
- जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार तत्काल उद्धार, प्रतिक्रिया र राहत प्रक्रियालाई प्राथमिकता दिइनेछ ।

## आवश्यकता र प्राथमिकताहरू

| जिल्ला | क्षतिग्रस्त घर संख्या | जस्तापाता | त्रिपाल | गद्दा | कम्बल | पाल |
|---|---|---|---|---|---|---|
| | | आवश्यकता | आवश्यकता | आवश्यकता | आवश्यकता | आवश्यकता |
| पाँचथर | २८ | ८४ | ८४ | १६८ | १६८ | १० |
| ताप्लेजुङ | ९ | २७ | २७ | ५४ | ५४ | ९ |
| संखुवासभा | १७ | ५१ | ५१ | १०२ | १०२ | १३ |
| **जम्मा** | ५४ | १६२ | १६२ | ३२४ | ३२४ | ३२ |

## सहयोगी एजेन्सीहरू

स्थानीयतहहरु, प्रदेश सरकार, नेपाल सरकार तथा गैर सरकारी संस्थाहरु




प्राविधिक सहयोग: राष्ट्रिय आवास तथा बस्ती उत्थानशील समन्वय मञ्च (NHSRP)

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
कोशी प्रदेश, विराटनगर

**थप जानकारीको लागि:**
टेलिफोन: ०२१-४७०१६८, ९८५२०२५४९१
इमेल:: info@moial@koshi.gov.np